# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०३।१३

## प्रेस विज्ञप्ति

कान्तिपुर दैनिकका डोटी संवाददाता मोहन पनेरुलाई कजेडीएमआर बिल्डर्स प्रा.लि. का सञ्चालक रविप्रकाश सिंहले फोनबाट गालीगलौज गर्दै धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही असार ११ गते कान्तिपुरको अनलाइन संस्करणमा प्रकाशित 'काम छाडेर ठेकेदार फरार' शीर्षक समाचारको विषयमा पनेरुलाई धम्की आएको महासंघको डोटी शाखाको भनाइ छ ।

समाचारप्रति गुनासो भए कानुनी या प्रचलित विधि प्रक्रियामा जानुपर्नेमा पत्रकारलाई धाक-धम्की दिनु निन्दनीय र प्रेसविरोधी कार्य हो ।

महासंघ यस्तो हर्कतमा संलग्नमाथि आवश्यक कानुनी कारबाही गरी प्रेसलाई निर्वाध र सुरक्षित पत्रकारिताको प्रत्याभूति दिलाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org